**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**
- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन, सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- वर्षातको बेला छ, फोहर भयो भने विभिन्न रोग तथा हानिकारक जीवाणु, कीरा–फटाङ्ग्राको प्रकोप बढ्छ । अहिले देशका ७३ जिल्लामा डेङ्गु फैलिएको छ । हैजा फैलँदै छ ।
- घर–आँगन, नगर सफा राखौं । सफा रहँदा कीरा–फटाङ्ग्रा हुर्कन पाउँदैन । सफा ठाउँमा रोग फैलँदैन ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ ४ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 20 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३

## नबिल बैंकले सहमति तोड्दा तीनजना ऋणी सडकमा

प्रस, परवानीपुर, ३ भदौ/
तत्कालीन नेपाल बङ्गलादेश बैंक मकालु होटल शाखा हालको नबिल बैंक बाइपास शाखाले ऋणीहरुसँग ऋण स्वीकृत गर्ने बेलामा गरेको सम्झौता भङ्ग गर्दा पर्सामा एउटा फार्मको तीनजना ऋणी सडकमा आएका छन् ।

ठोरी गाउँपालिका–५ सुवर्णपुरस्थित कृषि फार्म एनिमल डेभलपमेन्ट नेपालसँग बैंकले त्यसबखत गरेको सम्झौता तोड्दा सो फार्मका तीनजना सञ्चालक पर्सा, धोबिनी गाउँपालिका–२ भिखमपुर बस्ने राजकिशोरप्रसाद पटेल, सच्चिदानन्द प्रसाद कुर्मी र छोटेलाल राउत अत्यधिक घाटामा परेको र आर्थिक अवस्थामा निकै असर परेर सडकमा आइपुगेको बताएका छन् ।

२०७८ असोज ७ गते पशु चौपाया पाली दूध उत्पादन गर्ने लक्ष्यका साथ सो बैंकले कुल पाँच करोड ६६ लाख ऋण दिने सम्झौता गरेको थियो । पाँच चरणमा ऋण दिने सम्झौतापत्रमा उल्लेख छ ।

पहिलो चरणमा चार बिघा जग्गा खरीद गर्ने, दोस्रो चरणमा भौतिक संरचना बनाउने, तेस्रो चरणमा पशु खरीद गर्ने, चौथो चरणमा सञ्चालनमा ल्याउने र पाँचौं चरणमा दूध उत्पादन गरी बिक्री वितरण गर्ने थियो । पहिलो चरणमा जग्गा खरीदबापत दुई करोड ९० लाख बैंकले ऋण दियो । ऋण पाएर ऋणीहरूले फार्म स्थापनाको लागि सुवर्णपुरमा चार बिघा जग्गा खरीद गरे ।

त्यसपछि दोस्रो चरणमा कोभिडबाट आर्थिक अवस्था ग्रसित भएको भन्दै भौतिक संरचना निर्माण गर्न बैंकले दिनुपर्ने ऋण दिन सकेन । सम्झौताबाट पछि हट्यो । दोस्रो चरणको कर्जाको ३० प्रतिशत ऋणी र ७० प्रतिशत बैंकले बेहोर्ने भनिएको थियो । तर नेपाल बङ्गलादेश र नबिल बैंक मर्ज भएपछि नबिल बैंक बन्यो । नयाँ व्यवस्थापन पक्षले दोस्रो चरणको कर्जा दिन आनाकानी गऱ्यो । त्यसपछि ऋणी र बैंकबीच दूरी बढ्यो । पछि बैंकले ऋणीबाट ८० लाख डिपोजिट गराउन दबाव दियो ।


ऋणी राजकिशोरप्रसाद पटेल । तस्वीरः प्रतीक

ऋणीहरूले व्यक्तिगत कर्जा लिई ८० लाख बैंकमा जम्मा पनि गरे तर हालसम्म बैंकले दोस्रो कर्जा दिन सकेको छैन । अहिले सो फार्मबाट बैंकले प्रतिमहीना १३ लाख ब्याज लिइरहेको छ । तीनजना ऋणीहरूले सिमरा, वीरगंज र सुवर्णपुरको गरी १२ करोड मूल्य बराबरको धितो राखेका छन् । तापनि उनीहरूको प्रोजेक्टलाई बैंकले विश्वास गरिरहेको छैन । ब्याज मात्र असुल गरेर रगत चुसिरहेको समेत सञ्चालक राजकिशोरप्रसाद पटेल बताउँछन् ।

बैंककै ब्याजले गर्दा राति निद्रा पनि नआउने गरेको र ३७ वर्षकै उमेरमा बुढेसकाल लागेको उनले बताए । प्रतिदिन ऋणीहरूमाथि १३ हजार रुपियाँ ब्याज बढिरहेको छ । बैंकसँग उनीहरूले ऋणी सेटलमेन्ट गर्न आग्रह गरेका छन् । बैंकिङ कसूर ऐन २०७६ संशोधनसहितमा एकचोटी बैंकले ऋण प्रवाह गरिसकेपछि बीचमा सम्झौताबाट पछि हट्न नपाइने भनेर स्पष्ट उल्लेख भए पनि बैंकले मनपरी गरिरहेको उनीहरूको तर्क छ ।

यस विषयमा नबिल बैंक बाइपास शाखा वीरगंजका प्रबन्धक पवन पौडेलसँग फोन सम्पर्क गर्दा सम्पर्क हुन सकेन ।

## ठोरीको माग सम्बोधन गर्ने- मन्त्री लेखी

प्रस, वीरगंज, ३ भदौ/
मधेस प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले अन्य शीर्षकबाट रकमान्तर गरेर भए पनि ठोरीको माग सम्बोधन गर्ने बताएका छन् ।

सोमवार बिहान चितवनको माडी हुँदै ठोरी आइपुगेका मन्त्री लेखीलाई ठोरी गाउँपालिकाले आयोजना गरेको स्वागत तथा अभिनन्दन कार्यक्रममा बोल्दै उनले ठोरीको विकास गर्ने बताए ।

कार्यक्रममा समाजसेवी रामबहादुर श्रेष्ठ, नेकपा माओवादी केन्द्र ठोरीका उपाध्यक्ष रोशन सुनार, नेपाली काङ्ग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठ, नेकपा एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, ठोरी–४ का अध्यक्ष मानबहादुर थिङ, संविधानसभा सदस्य जयप्रकाश थारू, नेकपा एमाले सल्लाहकार परिषद् सदस्य ठाकुर न्यौपानेले मन्त्री लेखीलाई ठोरी भित्र रहेका प्रहरी चौकीहरूको भवन निर्माण, प्रहरी दरबन्दी अनुसार प्रहरी पठाउन आग्रह, सीमा सुरक्षा र मधेस प्रदेश सरकारसँग समन्वयलगायत मागहरू राखेका थिए ।


तस्वीरः प्रतीक

गापा अध्यक्ष लालबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत गापा उपाध्यक्ष गोकुलीकुमारी रेग्मी र सहजीकरण हेम चापागाईले गरेका थिए ।

## भासिएको सडक मरम्मत भएन, दुर्घटनाको सम्भावना


तस्वीरः प्रतीक

प्रस, पोखरिया, ३ भदौ/
पोखरिया–मिर्जापुर सडक अन्तर्गत पोखरिया–३ वसन्तपुर र लड्डीबीचको कलभर्ट नजीकको बाटो भासिएको छ ।

वर्षाको कारण कलभर्टसँगै रहेको कालोपत्र सडक भासिएको आज चौथो दिन भइसक्दा पनि त्यसको मरम्मत सम्भार भएको छैन । ३० फिटको यो सडकखण्डमा कलभर्ट नजीक आधाभन्दा बढी सडक भासिएर खाल्डो भएको छ ।

दुई–तीन वर्ष पहिले मात्र यो सडक निर्माण भएको थियो । अहिले सडक भासिएपछि दुई चक्के सवारीसाधन मात्र सञ्चालनमा छन् । रातिको समयमा यो सडकखण्डबाट आवतजावत गर्न अहिले दुई चक्के सवारी साधनलाई अप्ठ्यारो हुने गरेको छ । अहिलेसम्म दुर्घटना भएको छैन तर सडक मरम्मत नहुँदा कुन बेला दुर्घटना हुन्छ ठेगान छैन । भासिएको सडक मरम्मत गर्नेतर्फ कसैले पनि चासो देखाएको छैन ।

## कालिकामाईको ताला नखुल्दा सेवाग्राहीलाई मर्का

प्रस, पोखरिया, ३ भदौ/
कालिकामाई गाउँपालिका कार्यालयमा लगाइएको तालाबन्दी सात दिनदेखि नखुल्दा सेवाग्राहीलाई मर्का परेको छ । गापा कार्यालयका १० जना स्वास्थ्यकर्मीलाई गत वर्ष करारमा म्याद थप नगरेको विरोधमा दुई साताभन्दा बढी समयदेखि आठजना स्वास्थ्यकर्मीले धर्ना दिएका थिए ।

उनीहरूको पक्षमा ऐक्यबद्धता जनाउँदै उपाध्यक्ष राजपति देवी, वडाध्यक्षहरू, एमाले, काङ्ग्रेस र माओवादीका स्थानीय नेता र गाउँलेहरूले एक साता अघि गापा कार्यालयमा भेला भएर तालाबन्दी गरेका थिए । उनीहरूले करारमा रहेका आठजना स्वास्थ्यकर्मीहरूको म्याद थप गर्नुपर्ने माग राखेका थिए । १० जनामध्ये एकजनाको मृत्यु भएको र अर्को एकजना अन्यत्र गापामा कार्यरत रहेकाले आठजना आन्दोलनमा थिए । उनीहरूको ठाउँमा गापाले अन्य स्वास्थ्यकर्मीहरूलाई बहाल गरेको भन्दै म्याद थप नभएको एक वर्षपछि स्वास्थ्यकर्मीहरू आन्दोलनमा उत्रिएका हुन् । गापाभित्रको विवाद मिलाउन जिल्ला प्रशासन कार्यालयमा दुवै पक्षबीच बैठक भए पनि बैठक सार्थक हुन नसक्दा तालाबन्दी कायम छ । यसले गापाबाट प्रदान गरिने सेवाहरूबाट स्थानीय सेवाग्राही वञ्चित भएका छन् ।


तस्वीरः फाइल

## स्वास्थ्य चौकीको लापरवाहीका कारण सुत्केरीको मृत्यु

प्रस, वीरगंज, ३ भदौ/
रौतहटको गरुडा नगरपालिका–५ महम्मदपुरस्थित स्वास्थ्य चौकीमा चिकित्सकको लापरवाहीको कारण एकजना सुत्केरीको मृत्यु भएको छ ।

सोमवार बिहान प्रसवका लागि आएकी गरुडा नगरपालिका–३ मलाहीटोल निवासी राकेशकुमार सहनीकी २० वर्षीया पत्नी शर्मिलाकुमारी सहनीको अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको पति राकेशले बताए । शर्मिलाले बच्चा जन्माएको चार घण्टापछि रक्तात्पाताको कारण मृत्यु भएको उनका पति राकेशले बताए ।

शर्मिलाले सामान्य अवस्थामा छोरी जन्माएकी थिइन् । त्यसपछि उनको अत्यधिक रक्तस्राव भएको थियो । शरीरमा रगतको अभाव भएपछि मृत्यु भएको पति राकेशले आरोप लगाए । उनले स्वास्थ्य चौकीका चिकित्सकले उपचारमा गम्भीर लापरवाही गरेको कारण शर्मिलाको मृत्यु भएको बताए ।

स्वास्थ्यचौकीका अनमी प्रतिमा यादवले भनिन्–सामान्य अवस्थामा सुत्केरी भएकोले थप उपचार र विकल्प खोज्ने अवस्था थिएन, परिवारका आफन्तसँग राम्रो कुराकानी गरिरहेकी थिइन् । बिहान ८ बजेपछि एकाएक रक्तस्राव भएपछि शर्मिला बेहोश भइन् र त्यसपछि उनको मृत्यु भएको अनमी यादवले बताइन् ।

स्वास्थ्य चौकीका स्वास्थ्य शाखा संयोजक रामनरेश यादवले शर्मिलाको अत्यधिक रक्तस्रावका कारण रगतको कमी भएपछि कमजोरी भएर ज्यान गएको हुन सक्ने बताएका छन् ।

## भाठाको साउने मेला सम्पन्न

प्रमोद यादव, पचगावा, ३ भदौ/
पर्सा जिल्लाको ऐतिहासिक मुख्य धार्मिक पर्यटनस्थलको रुपमा रहेको श्रीश्री १०८ श्री दुग्धेश्वर महादेव मन्दिर रामभौरीभाठा धाममा लागेको साउने मेला आजदेखि सम्पन्न भएको छ ।

दुग्धेश्वर महादेव मन्दिरको पूर्वमा पर्सा राष्ट्रिय निकुञ्ज आधाभार, उत्तरमा घोडेमशान, पश्चिममा शिकारीवास, दक्षिणमा चरभैया सोनवर्षा पर्छ ।

धार्मिक जनविश्वासको आधारमा साउनभरि महादेवको दर्शन गर्न र भाका पूरा भएकाहरूले अष्टयाम, भजनकीर्तन, कथावाचन, जलार्पण गर्न आउनेसमेतको सङ्ख्या एक महीनामा ५० लाखभन्दा बढी पुगेको मेला संरक्षण समितिका अध्यक्ष अलखदेव चौधरी थारूले बताए ।

मेला दर्शन गर्न गत वर्षको तुलनामा यस वर्ष श्रद्धालु भक्तजन कम आएको थारूले बताए । उनले भारतबाट आउनेको सङ्ख्या घटेको बताए ।

भाठाधाममा वर्षको चारपटक मेला लाग्ने गर्छ । साउन, माघको वसन्त पञ्चमी, फागुनमा महाशिवरात्रिका दिन र वैशाख त्रयोदशी मेला लाग्ने गर्छ ।

बारा, पर्सा, रौतहट, चितवन, भारतको विभिन्न स्थानबाट भक्तजन मेला भर्न आउने दुग्धेश्वर महादेव मन्दिर समितिका अध्यक्ष ज्ञानलाल पटेलले बताए ।





यस क्षेत्रमा चारकोसे झाडी, हराभरा जङ्गल, राष्ट्रिय जनावरहरू हेर्न सकिन्छ । भक्तजनले देवकी दहबाट जल भर्न पाउने, जनावरको बथान, जङ्गलमा हाती सफारीलगायत नयाँ दृश्य अवलोकन गर्न व्यवस्था मिलाइएको मेला समिति सदस्य मनोज यादवले बताए ।

मेलाबाट १० लाखभन्दा बढी चन्दा सङ्कलन भएको र उक्त रकमबाट बाटो मरम्मत, ग्रेभल गर्ने, पुल–कल्भर्ट निर्माण मन्दिरको सौर्दयीकरणमा खर्च हुने र समिति बसेर विवरण सार्वजनिक गर्ने मेला समिति अध्यक्ष गेनालाल पटेलले बताएका छन् ।

मेलामा सङ्कलन भएको आमदानी र खर्च सार्वजनिक गर्नुपर्ने सरोकारवालाको माग छ ?

**विचारसार र सुक्तिहरू**

**संसारमा मानिस मात्र यस्तो प्राणी हो, जसको दाँतमा होइन, जिब्रोमा विष हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# रूस–युक्रेन युद्ध

**रूसको ११०० वर्ग किलोमिटर भूमिमा युक्रेनले कब्जा जमाएको दाबी छ। युक्रेनी सेनाले केही भूभाग कब्जा गरेको हुन सक्छ। युक्रेनले केही न केही रूसलाई धक्का दिएकै हो। त्यसैल त जवाफस्वरूप रूसले युक्रेनको राजधानी किएभमाथि कोरियन ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गर्न थालेको छ । युक्रेनलाई रूस र पश्चिमी देशहरू सीमा क्षेत्रका रूपमा हेर्ने गरिन्छ। युक्रेनको सामरिक स्थिति र प्राकृतिक स्रोतहरूको कारण रूसका लागि यस क्षेत्रले विशेष महत्त्व राख्दछ । त्यसैले रूस युक्रेनलाई सधैं आफ्नो प्रभाव क्षेत्रमा राख्न चाहन्छ। तर सोभियत सङ्घको एउटा भूभाग रहेको युक्रेन पश्चिमी देशहरूसँग निकट सम्बन्ध स्थापना गर्न इच्छुक छ। र रूसको थिचोमिचोबाट जोगिन पश्चिमी सैन्य गठबन्धन नाटोमा पनि सामेल हुन चाहन्छ। नाटोको विस्तार रूसको लागि खतराको हो । मुख्यतः यही मुद्दाले युक्रेनलाई सह्य युद्धको मुखसम्म पुऱ्याएको हो ।**

**रूसले युक्रेनलाई ऐतिहासिकरूपमा रूसी राष्ट्रको अंश वा रूसी सभ्यताको आधार मान्ने गरेको छ । युक्रेनको पश्चिमीकरण र नाटोमा सम्मिलित हुने प्रयासलाई रूसले यसविरुद्ध चुनौतीको रूपमा ठानेको छ। युक्रेनलाई राष्ट्रवादी देख्नेहरूले रूसलाई पनि राष्ट्रवादीको नजरबाट हेर्नुपर्छ भन्ने उसको तर्क छ। युक्रेन रूसको ग्याँस र तेलको मुख्य ट्रान्जिट देश हो । रूसका लागि युक्रेनमा स्थिरताका साथै आफ्नो वर्चस्व महत्त्वपूर्ण छ, किनभने युक्रेनको अस्थिरताले रूसको ऊर्जा व्यापारलाई असर पुऱ्याउन सक्छ। त्यसैले युक्रेनलाई आफ्नो नियन्त्रणमा राखेर ऊर्जा सुरक्षा कायम राख्नु रूसको लागि अभीष्ट बनेको छ । आज यी दुई मुलुकको युद्धमा विश्व दुई ध्रुवमा विभाजित भइरहेको छ। बेलारूस, ईरान, चीन, उत्तर कोरिया, सिरियालगायत मुलुकहरू रूसको पक्षमा देखिएका छन् भने संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ, जर्मनी, फ्रान्स, बेलायत, पोल्यान्ड, क्यानडा, अस्ट्रेलिया, जापान, टर्की, नाटोका सदस्य राष्ट्रहरू युक्रेनको पक्षमा देखिएका छन् । कसैले खुलेर त कसैले गोप्यरूपमा सहयोग गरिरहेका छन्। भोलिको दिनमा प्रत्यक्ष दुई पक्षका राष्ट्रहरू मैदानमा उत्रिने अवस्था पनि आउन सक्ला। यसो हुनु भनेको विश्वकै लागि ठूलो दुर्भाग्य हुनेछ ।**

**रूस–युक्रेन युद्ध अन्त्यका लागि धेरै पक्षको सहमति र सक्रियता आवश्यक छ । दुवै पक्षले आफ्ना माग–सुरक्षा चासा र क्षेत्रीय दाबीहरूबारे वार्ता गरेर सम्झौता गर्नुपर्ने हुन्छ। यसका लागि दुवैतर्फ नदेखिएका तटस्थ देशहरू, संयुक्त राष्ट्रसङ्घ वा अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरूले मध्यस्थको भूमिका खेल्नुपर्छ। युक्रेनलाई तटस्थ राष्ट्रको रूपमा मान्यता दिने वा यसलाई नाटोमा सामेल नगर्ने सुनिश्चितता भए रूसको सुरक्षा चासो सम्बोधन हुनेछ। युक्रेनको पनि सुरक्षा, स्वतन्त्र सार्वभौमसत्तालगायत चासोका विषय सम्बोधन गर्न सकिन्छ । यसका निम्ति विश्व समुदायले दुई मुलुकलाई उक्साउनेभन्दा पनि सम्झाउने भूमिका निर्वाह गर्नुपर्छ । बाहृयरुपमा यो रुस–युक्रेन द्वन्द्व देखिए पनि, यसमा विभिन्न अन्तर्राष्ट्रिय स्वार्थहरु गाभिएका छन्। रुसलाई तह लगाउने पश्चिमा मुलुकहरुको स्वार्थ, अमेरिकालाई यस्ता द्वन्द्वहरूमा अल्झाएर कमजोर बनाउने अमेरिकाइतर राष्ट्रहरूको स्वार्थ, अमेरिका र रूस कमजोर भए आफू शीर्ष राष्ट्र बन्ने वा अन्तर्राष्ट्रिय राजनीतिमा आफू वर्चस्वशाली बन्ने अन्य केही मुलुकहरुको चासोले यो द्वन्द्वलाई हावा दिइरहुन्जेल, तत्काल समस्या समाधान हुने कुरामा शङ्का छ।**

# बङ्गलादेशको जन विद्रोह : होशियार नेपालका नेताहरू

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com

**अप्रत्याशित र अनौठो घटना भयो, जुन घटनाले असम्भव केही छैन भन्ने कुरा प्रमाणित गर्छ। शासन गर्न अलिकति मात्र चुक भयो कि आन्दोलनको ज्वाला कुनै पनि बेला कुनै पनि रूपमा पनि दन्कन सक्छ।**

कुनै पनि देशमा जनविद्रोह त्यत्तिकै हुँदैन । राज्यले जब दमन र विभेदको पराकाष्ठा नाघ्छ, विद्रोह अवश्यम्भावी हुन्छ । २००७ सालदेखि २०६२–६३ को जनान्दोलन हुँदै मधेस विद्रोह हुनुको कारण नै सामाजिक अन्याय, शोषण, अत्याचार, सामाजिक विभेद र नातावाद र कृपावाद हो ।

दोस्रो विश्वयुद्धको समाप्तिपछि नै विश्वका धेरै मुलुकमा जन विद्रोहको बलमैं सत्ता परिवर्तन मात्र हैन, मुलुकले काँचुली फेरेको दृष्टान्त हामीले अनुभव र अवलोकन गरेकै छौं ।

संसारमा कुनै पनि बेला जे पनि हुन सक्छ भनेको ठ्याक्कै हो रहेछ। कसले सोचेको थियो होला अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प, निकट रहेको निर्वाचनमा राष्ट्रपति पदका उम्मेदवारलाई ज्यान मार्ने उद्देश्यले कसैले गाली हान्छ, गोली कानको टुप्पोमा मात्रै लाग्छ, रगत बग्छ तर उनको ज्यान जोगिन्छ। यस्तो घटनाको अनुमान कसैले गरेको थिएन। भन्नलाई एक व्यक्तिले भविष्यवाणी गरेका थिए, तर गरेकै भए र परिस्थिति मिलेकै भए पनि बाँकी संसारले अन्दाज गरेको थिएन।

२०५८ साल जेठ १९ गते शुक्रवार नेपालको खाना खाएर सुत्ने तर्खर गरिरहेको थियो । रातको दस नबज्दै देशविदेशका टेलिफोनका घण्टीहरू लगातार ट्रिङट्रिङ गर्न थाले । बिहान उज्यालो नहुँदै नेपालको राजपरिवार गोलीकाण्डमा सोत्तर भएको खबर संसारभरि फैलियो। कसले कल्पना गरेको थियो, त्यति सुरक्षित मान्छे र तिनको परिवार एकै खेपमा चट हुन सक्छ ? अपत्यारिलो र बिरलै घट्ने घटना थियो यो। कसैले अन्दाज गर्न नसकेको नेपालको राजनीतिक घटना २०१७ साल पुस १ गतेको पनि हो, जुन दिन संसद् विघटन र सरकार अपदस्थ भएको थियो। ठूलो क्रान्ति भएको होइन, तर २०४६ सालमा सजिलै राजनीतिक व्यवस्था परिवर्तन भयो ।

पञ्चायती शासन व्यवस्था ढल्ने अनुमान कसैले गरेको थिएन । त्यस्तै नेपालजस्तो शान्तिपूर्ण देशमा २०५२ सालमा सरकारविरुद्ध हतियार उठ्यो । हतियार उठाउनेहरू दुनियाँको नजरमा सारै कमजोर थिए, तर दश वर्षकै अन्तरालमा सिङ्गो राज्यसत्ताको सातो उडाए । पछि शान्तिपूर्ण राजनीतिको बाटोमा आयो। त्यो खालको लडाइँको पनि नेपालीले कल्पना गरेका थिएनन्। अर्को झनै कसैले सपनामा पनि नसोचेको घटना भन्नुपर्छ, सात दल र माओवादी संयुक्त आन्दोलन। २४० वर्षे इतिहास बोकेको राजसंस्था नै विस्थापित भयो। यस्ता अप्रत्याशित राजनीतिक घटनाको सामना संसारका हरेक देशले ढिलो–चाँडो बेहोरेकै छन् । यस्तै सन्दर्भमा बङ्गलादेशले पनि दुनियाँमा कसैले कल्पना नगरेको राजनीतिक घटना बेहोर्न पुग्यो।

बङ्गलादेश जन्मिएको धेरै वर्ष भएको छैन । सन् १९४७ मा भारत विभाजन भएर पाकिस्तान बन्यो । पाकिस्तान जन्मिएको २४ वर्षपछि अर्थात् सन् १९७१ मा पूर्वी पाकिस्तान बङ्गलादेशको रूपमा जन्मियो। अहिले बङ्गलादेशको उमेर ५३ वर्ष पुगेको छ। यो ५३ वर्षमा बङ्गलादेशले पनि अनेकौं समस्या र घटना बेहोर्दै आएको छ। सबैभन्दा डरलाग्दो र कसैले नसोचेको घटना त सन् १९७५ मा शेख मुजिबुर रहमान, जो बङ्गलादेशका प्रथम राष्ट्रपति र पछि प्रधानमन्त्री भए, तिनको परिवारको सामूहिक हत्या भयो। शेख मुजिब, उनकी पत्नी, छोराहरू, ज्वाइँ र अन्य नातेदार त्यो हत्याकाण्डमा मारिए। शेख मुजिबका दुई छोरीहरू शेख हसिना र शेख रेहाना विदेशमा भएका कारण जोगिए ।

परिवार सखाप भएपछि शेख हसिना राजनीतिमा प्रवेश गरिन् । राजनीति प्रवेशको २१ वर्षमा अर्थात् सन् १९९६ मा पहिलोपटक बङ्गलादेशको प्रधानमन्त्री बनिन् । अवामी लिग उनको नेतृत्वमा रहेको राजनीतिक दल हो। बङ्गलादेशमा उनको मुख्य प्रतिस्पर्धी बेगम खालिदा जिया हुन्। बेगम खालिदा आफ्ना पति जियाउर्रहमानले जन्माएको बङ्गलादेश नेशनल पार्टी बिएनपीकी प्रमुख हुन् । उनले बङ्गलादेशमा पहिलो महिला प्रधानमन्त्रीको रूपमा काम गरिन् भने अहिलेसम्म उनी दुईपटक प्रधानमन्त्री बनिन्। उनको शासनकालमा उनीमाथि आर्थिक भ्रष्टाचारको आरोप लाग्यो । उनी जेल परिन् । पतिको हत्यापछि राजनीतिमा आएकी बेगम खालिदा जिया र पिता शेख मुजिबुर्रहमानको हत्यापछि राजनीतिमा आएकी शेख हसिना वाजेदबीच सधैंभरि राजनीतिक टक्कर भइरह्यो । अवामी लिगले जित्दा शेख हसिना प्रधानमन्त्री बन्ने र बङ्गलादेश नेशनल पार्टी जित्दा बेगम खालिदा जिया प्रधानमन्त्री बन्ने प्रक्रिया शुरू भयो । पालैपालो प्रधानमन्त्री र विपक्षी दलका प्रमुख बने दुई महिला । एशियाली मुलुकहरूमध्ये बङ्गलादेश एकमात्र त्यस्तो देश हो जहाँ केवल दुई महिला शेख हसिना र बेगम खालिदाको हालीमुहाली रह्यो। तर, पछिल्ला केही वर्षमा बङ्गलादेशको राजनीतिमा बेगम खालिदा जिया शेख हसिनाभन्दा पछि परिन्। ठूलै आर्थिक भ्रष्टाचारकाण्डमा मुछिइन् र जेल परिन्। जिया कमजोर भएपछि स्वतः बङ्गलादेश नेशनल पार्टी कमजोर हुन पुग्यो र अवामी लिग अघि आयो। पार्टी नेतृ शेख हसिनाले एकछत्र जित्दै गइन् र पटकपटक प्रधानमन्त्री भइन् ।

हसिना बङ्गलादेशकी यतिसम्म प्रख्यात नेतृ हुन् जसको पक्षमा लाख होइन, करोडौं जनताले समर्थन गर्‍यो र भोट पनि करोडौंमा दियो । यिनले आफ्नो कार्यकालमा ठूला–ठूला कलकारखाना र उद्योगहरू सञ्चालन गरिन् । पुलको हकमा त संसारको लामो र प्रभावकारी पुल बनाएर दुनियाँलाई चकित पारिन्। सम्भव भएसम्म विश्वका अन्य राष्ट्रहरूसँग सन्तुलित सम्बन्ध पनि राखिन्, तर कुनै पनि बेला जेसुकै घटना घट्न सक्छ भन्ने कुरा बङ्गलादेशमा पनि लागू भयो। शेख हसिना करोडौं जनताको साथ र समर्थन पाएर पनि केही लाख जनताको निरन्तरको आन्दोलनले देशै छाडेर भाग्ने अवस्थामा पुगिन् र एकसरो कपडा र एउटा ब्याग बोकेर हेलिकप्टर चढिन्। बहिनी रेहानालाई समेत उनले साथमैं लगिन्।

खासमा बङ्गलादेशमा आन्दोलन चर्कनुको वास्तविक कारण यस्तो हो। सन् १९७१ मा शेख मुजिबुर्रहमानको नेतृत्वमा आन्दोलन हुँदा जुन–जुन समुदायका मानिसले साथ दिएका थिए तिनका परिवार र नातापातालाई सरकारी जागीरमा आरक्षणको व्यवस्था गरियो । शेख मुजिबले जुन आरक्षण नीति लागू गरेका थिए, छोरी शेख हसिनाले त्यसैलाई निरन्तरता मात्र दिइनन्, आरक्षणको प्रतिशत अझै बढाइन्।

प्रारम्भमा विद्यार्थीहरूले यसको विरोध गरे । सामान्य विरोधले काम नगरेपछि शुरू भएको आन्दोलनमा बिस्तारै अन्य पेशा–व्यवसायका मानिससमेत ओइरिए । हेर्दाहेर्दै हजारौंहजार मानिसले सडक भरियो। प्रहरीले रोक्न सकेन। तत्काल १०० र कुल मिलाएर ३०० बङ्गलादेशी नागरिक आन्दोलनका क्रममा मारिएपछि हसिना सरकार आत्तियो । जनता मर्ने क्रम नरोकिएपछि सेनाले हसिना सरकारलाई साथ दिन इन्कार गर्‍यो। जनता हसिना निवास र कार्यालय नजीकै आइपुग्दा उनले भाग्नुपर्ने अवस्था आयो, कुनै विकल्प देखिएन।

यसरी हसिना नेतृत्वको सरकार बङ्गलादेशमा असफल भयो। अप्रत्याशित र अनौठो घटना भयो, जुन घटनाले असम्भव केही छैन भन्ने कुरा प्रमाणित गर्छ । शासन गर्न अलिकति मात्र चुक भयो कि आन्दोलनको ज्वाला कुनै पनि बेला कुनै पनि रूपमा पनि दन्कन सक्छ। यो वा त्यो देशमा होइन, संसारको कुनै पनि मुलुकमा यस्तो हुन सक्छ। हिटलर, मुसोलिनीलगायत संसारका बडे–बडे शक्तिशालीहरू पनि यस्तै अनुमान गर्न नसकिने घटनाका शिकार भएका हुन्। युवाहरूको जमातलाई समयमैं सम्बोधन नगर्दा आज बङ्गलादेशले यो नियति भोग्नुपरेको तथ्य हाम्रा तीन दलका टाउकेहरूले अझै बेवास्ता गरिराखेका छन्। यसको परिणाम भयावह हुन सक्छ। एकजना विद्यार्थीले संसद्भित्र पसेर गरेको विद्रोहले त्यो झलक दिसकेको छ ।

युवामा देशलाई सुन्दर बनाउन र परिमाणमुखी आकार दिने उत्कृष्ट विचार र रचनात्मक ऊर्जा छ। युवाको शक्ति पूरै देशका लागि असामान्य धन हो। युवाको अनुहार नै वर्तमान र भविष्यको अनुहार हो तर देशको भविष्यको अनुहार मानिने र परिवर्तनको संवाहक मानिने नेपाली युवाको अवस्था र सहभागिता भने उत्साहजनक छैन। राष्ट्रिय विकासमा युवा सहभागिता न्यून छ। युवावस्था जीवनको त्यो काल हो, जुन शक्ति र क्षमतासँगै अगाडि बढ्छ।

युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारलगायत क्षेत्रमा विशेष अवसर प्रदान गर्ने नीति बनाइएको छैन। कतिपय नीति बने पनि त्यसको कार्यान्वयन हुन सकेको छैन। शिक्षा आर्जनका क्रममा रहेका, रोजगार तथा वृत्तिविकासको अवस्थामा रहेका युवाका मुद्दा तथा प्राथमिकतालाई ध्यान दिइएको छैन। युवाको संवेदनशीलता र जीवनयापनका विविध पक्षलाई नजरअन्दाज गरिएको छ। वैदेशिक रोजगार र अध्ययनका नाममा दैनिक सयौंको सप्राथमिकतालाई ध्यान दिइएको छैन । युवाको संवेदनशीलता र जीवनयापनका विविध पक्षालाई नजरअन्दाज गरिएको छ। वैदेशिक रोजगार र अध्ययनका नाममा दैनिक सयौंको सङ्ख्यामा पलायन हुने युवालाई रोक्न सकिएको छैन। युवालाई देशभित्र टिकाउन प्रशस्त मात्रामा आकर्षक कार्यक्रम तयार गर्न सकिएको छैन। यस सम्बन्धमा न राज्य गम्भीर भएर लागेको छ, न सरकारलाई सुनाउन सक्ने गरी कसैले आवाज बुलन्द गर्न सकेको छ। विदेशिएका सिर्जनशील, प्रतिभावान् र क्षमतावान् युवालाई स्वदेशमैं फर्काउन यथेष्ट प्रयास पनि गर्न सकिएको छैन।

यस अवस्थामा नेपालमा पनि ढिलो चाँडो ठूलो विद्रोह हुने सङ्केत देखिइसकेको छ। होशियार देशका पिसाच र धमिराहरू ! अब चाँडै तिमीहरूको पालो आउँदै छ । जय देश, जय मातृभूमि !

# मङ्कीपक्स सङ्क्रमणको जोखिममा नेपाल

काठमाडौं, ३ भदौ/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मङ्कीपक्स सङ्क्रमणको जोखिममा नेपाल रहेको जनाएको छ।

मङ्कीपक्स भाइरसको सङ्क्रमण छिमेकी देश भारतमा द्रुतरूपमा फैलिरहेकोले जोखिम रहेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए। "नेपालमा अघिल्लो वर्ष एकजना विदेशी ६० वर्षीया महिलामा मङ्कीपक्स सङ्क्रमण देखिएकोले पनि नेपालमा मङ्कीपक्स सङ्क्रमणको जोखिम नरहेको भन्न सकिंदैन"–उनले भने।

उनले मङ्कीपक्सको पूर्वतयारीबारे मन्त्रालयले विषय विज्ञसँग सुझाव लिइसकेको बताए। मन्त्रालयले हवाई तथा सीमा नाकामा रहेका हेल्थ डेस्क तथा सरुवा रोगको निगरानी गर्न सङ्घ, प्रदेश र स्थानीय तहलाई निर्देशन दिइसकेको प्रवक्ता डा बुढाथोकीले जानकारी दिए।



उनका अनुसार मन्त्रालयले सातवटै प्रदेशमा रोग रोकथाम र व्यवस्थापनका लागि अस्पताल र चिकित्सक तोकेको छ। केही दिनयता अफ्रिकी मुलुक कङ्गोमा मङ्कीपक्स भाइरसका घातक प्रजाति 'क्लेड १ वी' फैलिरहेको छ। मन्त्रालयका अनुसार जनवरी यतामात्र उक्त भाइरसका कारण ५४८ जनाको मृत्यु भइसकेको छ। विश्व स्वास्थ्य सङ्गठनले पनि मङ्कीपक्स सङ्क्रमण बढिरहेकोले विश्वव्यापी जनस्वास्थ्य आपत्काल घोषणा गरेको छ।

**सर्ने तरिका**

मङ्कीपक्स सङ्क्रमित व्यक्ति वा सङ्क्रमित पशुसँग सम्पर्कमा आउँदा, मानिसको घाउ, खटिरा, बिमिराको सम्पर्कबाट, शरीरमा निस्किएको तरल पदार्थ थुक, ऱ्यालको सम्पर्कबाट, सङ्क्रमित बाँदर, मुसा लोखर्केलगायत जनावरबाट र भाइरस रहेको ओछ्यान र लुगाबाट सर्दछ।

**लक्षण**

मङ्कीपक्स सङ्क्रमण भएमा ज्वरो आउने, सामान्यतया ज्वरो आएको एकदेखि तीन दिनभित्र छाला, अनुहार, हत्केला र पैतलामा डाबर देखा पर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांसपेशी दुख्ने र शरीरका ग्रन्थिहरू बढ्ने गर्दछ। आँखामा सङ्क्रमण भई दृष्टि गुम्ने, निमोनिया, मस्तिष्क ज्वरो, गर्भ खेर जाने र मृत्यु हुन सक्दछ।

मन्त्रालयको पूर्वतयारी प्रतिकार्य र व्यवस्थापन भए तापनि नागरिकबाट जनस्वास्थ्यका मापदण्ड पालना भए मात्र मङ्कीपक्स सङ्क्रमणको रोकथाम र नियन्त्रण गर्न सम्भव हुने जनाइएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनको तयारी

काठमाडौं, ३ भदौ/रासस

सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्नका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ ।




निर्माण सम्पन्न भएर लामो समयदेखि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेका ती दुई विमानस्थल सञ्चालनका लागि सरकारले विभिन्न सेवामा एयरलाइन्सलाई सहुलियतलगायत आकर्षक प्याकेज ल्याउने भएको छ । गत साउन २८ गतेको मन्त्रिपरिषद् बैठकले नागरिक उड्डयन क्षेत्रको समग्र सुधारसम्बन्धी कार्ययोजना स्वीकृत गरेको थियो । बैठकले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी कार्ययोजनासमेत स्वीकृत गरेको थियो ।

दुवै अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने सरकारको नीति अनुरूप विमानस्थल सञ्चालनलाई सहजीकरण गर्न नेपाल आयल निगमले उक्त विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय हवाई उडानमा प्रयोग हुने हवाई इन्धनको मूल्यमा छुट दिने निर्णय गरेको छ । निगमको सञ्चालक समितिको गत साउन ३१ गतेको बैठकले यही भदौ १ गतेदेखि लागू हुनेगरी हाल कायम रहेको हवाई इन्धनको बिक्री मूल्यमा प्रतिकिलोलिटर अमेरिकी डलर एक सय अर्को निणय नभएसम्मका लागि मूल्य कम गर्ने निर्णय गरेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न हवाई इन्धनदेखि टिकट सहुलियत दिने सरकारको योजना छ । गत साउन ३१ गते प्रधानमन्त्रीको नेतृत्वमा सम्बन्धित मन्त्रालयका मन्त्री र पदाधिकारीहरूको बैठक बसेको थियो। उक्त बैठकले दुवै विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायहरूबारे अध्ययन गर्न बनेको कार्यदलले दिएका सुझावका आधारमा सहुलियत दिनेबारे छलफल गरेको जनाइएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन हवाई टिकट, ग्राउन्ड ह्यान्डलिङ, हवाई इन्धनमा आगामी २०८३ साल भदौसम्म सहुलियत दिने कार्य योजना बनाएको छ ।

सरकारले पर्यटन बोर्डले प्रतिटिकट लिने शुल्क पनि उक्त समयभर दुई विमानस्थलको हकमा नलिनेगरी सहुलियत दिने र हवाई टिकटमा लगाइएको भ्याट पनि विसं २०८३ भदौसम्म नलिने जनाएको छ ।

उद्योग वाणिज्य मन्त्रालयसँग समन्वय गरेर काठमाडौं विमानस्थलमा उपलब्ध हुने इन्धनको मूल्यभन्दा भैरहवामा सस्तोमा लिनेगरी कार्य योजना बनाइएको छ । अध्यागमन कार्यालय सञ्चालन, भिसा सेन्टरका लागि श्रम र परराष्ट्र मन्त्रालयले व्यवस्थापन गर्ने योजना रहेको मन्त्रालयले जनाएको छ।

गत साउन १८ गते प्रधानमन्त्री ओलीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्नेबारे उच्चस्तरीय छलफल गरेको थियो। उक्त छलफलमा प्रधानमन्त्रीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हालको उडान चाप तथा यात्री व्यवस्थापनलाई ध्यान दिई दुवै अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायबारे छलफल गरेका थिए । उनले दुवै विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने वातावरण निर्माण गर्न निर्देशन दिएका थिए ।

निर्माण भएको लामो समयसम्म दुवै अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नभएर घाटा बेहोर्नुपरेको तथा काठमाडौं विमानस्थलको क्षमताभन्दा बढी उडान र यात्री व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेकोले यसलाई गम्भीररूपमा लिन प्रधानमन्त्री ओलीले आग्रह गरेका थिए । यसैबीच, आइतवार प्रधानमन्त्री केपी शर्मा ओलीसँग वायु सेवा सञ्चालकहरूले भेट गरी हवाई क्षेत्रका समस्याबारे छलफल गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले हवाई क्षेत्रको सुधारका साथै यस क्षेत्रमा देखिएका समस्या र समाधानका उपायबारे विमान सञ्चालकसँग परामर्श गरे ।

प्रधानमन्त्री ओलीले हवाई सुरक्षा अभिवृद्धिमा ध्यान दिन वायुसेवा सञ्चालकलाई निर्देशन दिएका थिए । यस क्षेत्रमा देखिएका समस्या समाधानका उपाय सुझाउन सञ्चालकहरूलाई आग्रह पनि गरेका थिए। उाले हवाई टिकटमा 'डलर फेयर'बारे चासो राखेका थिए।

युरोपेली सङ्घ (इयु) ले नेपालको हवाई उडानलाई 'सेफ्टी' सूचीमा लगाएको प्रतिबन्ध हटाउन पहल गर्न पनि प्रधानमन्त्रीले सञ्चालकलाई आग्रह गरेका थिए ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले थाई एयर एशियालाई थाइल्यान्डबाट नेपाल उडान गर्न अनुमति दिएको छ । क्यानले थाई एयर एशियालाई सातामा चार उडान भैरहवाबाट र तीन उडान काठमाडौंबाट गर्ने स्वीकृति दिएको हो । उक्त एयरलाइन्सले असोज ४ गतेदेखि उडान गर्नेगरी अनुमति लिएको जनाइएको छ।

कुवेतको जजीरा एयरले पनि असोज ९ गतेदेखि गौतमबुद्ध विमानस्थलमा पुनः उडान गर्नेगरी क्यानसमक्ष कागजात पेश गरेको विमानस्थलले जनाएको छ। उक्त एयरलाइन्सले सातामा तीन उडान गर्ने अनुमति मागेको छ । एयरलाइन्सले विगतमा १० महीना उडान गरेर उडान स्थगित गरेको थियो । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल विसं २०७९ जेठ २ गतेदेखि सञ्चालनमा आएको थियो भने त्यसको छ महीनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको थियो। भैरहवामा केही समय अन्तर्राष्ट्रिय उडान भए पनि पोखरा विमानस्थलमा चार्टर उडानबाहेक व्यावसायिक अन्तर्राष्ट्रिय उडान भएको छैन ।



**देवघाटमा श्रावणी स्नान** : जनैपूर्णिमाका दिन सोमवार बिहान पवित्रस्थल देवघाटमा श्रावणी स्नान (गणस्नान) गर्दै पण्डित एवं पुरोहितहरू । गणस्नानमा पुरोहितहरूद्वारा सामूहिक सङ्कल्प एवं मन्त्रोच्चारण गर्दै पञ्चगव्य, भस्म, सप्तमृत्तिका, अपामार्ग आदिको लेप शरीरमा घस्ने गरिन्छ। स्नानपछि वैदिक रुद्राभिषेक पद्धतिद्वारा जनै र रक्षाबन्धन धागो मन्त्रने परम्परा रहेको छ। तस्बिर : सनद अधिकारी/रासस



सुनदहः रूकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका–३ स्थित ४,४३५ मिटरको उचाइमा रहेको सुनदह । यो जिल्लाको सबैभन्दा ठूलो ताल भएपनि प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ। तस्बिर : सर्जना कार्की/रासस

# पर्सामा ४६८ हेक्टर वन अतिक्रमणमा : जनशक्ति नहुँदा अनुगमन गर्न समस्या

वीरगंज, ३ भदौ/रासस

जिल्लामा ४६८ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ । जिल्लाका साझेदारी, सामुदायिक र धार्मिक वन क्षेत्रमा स्थानीय बासिन्दाले खेतीपाती तथा घरटहरा निर्माण गरेका छन् ।

डिभिजन वन कार्यालयका प्रमुख सुनीलकुमार कर्णले पर्साभरिका ४६८ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको जानकारी दिए । "स्थानीय बासिन्दाले साझेदारी तथा धार्मिक वन कब्जा गरेर खेतीपाती तथा घरटहरा निर्माण गरेर बसिरहेका छन्"–उनले भने–"वन अतिक्रमण गर्नेहरूलाई राजनीतिक दलले पनि अघोषित समर्थन गर्ने परिपाटीले वनजङ्गल जोगाउन समस्या भइरहेको छ। अतिक्रमण हटाउन जाँदा राजनीतिक तवरबाटै प्रतिरक्षा गर्ने गलत परम्पराको विकास भइरहेको छ।"

डिभिजन वन कार्यालयका अनुसार पर्सामा ४६८.१४९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ । ठोरी गाउँपालिका वराह नजीकै रहेको वन २००.७० हेक्टर अतिक्रमणमा परेको छ। यो पर्साको सबैभन्दा धेरै अतिक्रमणमा परेको वनक्षेत्र हो ।




त्यसैगरी, गादीमाई साझेदारी वनक्षेत्र १६७.६८ हेक्टर, मधुवन क्षेत्रको वन ३२.४७ हेक्टर अनधिकृत कब्जामा परेको छ । सखुवापरसौनी साझेदारी वन ३३.२० हेक्टर, सबैया साझेदारी वन २२.२३ हेक्टर अतिक्रमणमा परेको छ। त्यस्तै, विन्ध्वासिनी साझेदारी वन १२.०६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ । कार्यालय प्रमुख कर्णले जिल्लाभरिमा अतिक्रमणमा परेको वनमा करीब १ ५०० को हाराहारीमा घरटहरा निर्माण भएको बताए ।

"कार्यालयसँग पर्याप्त जनशक्ति नहुँदा पनि नियमित अनुगमन र सुपरीवेक्षण गर्न सकिरहेका छैनौं"–उनले भने– "बेलाबखत स्थानीय प्रशासनसँग समन्वय गरेर अतिक्रमणमा परेको वन क्षेत्र फिर्ता ल्याउने प्रयास भइरहेको छ।" डिभिजन वन कार्यालयमा कुल १०० कर्मचारीको दरबन्दी भए पनि अहिले ५९ जना मात्र कार्यरत छन्। जसले गर्दा नियमित वन अनुगनम र निरीक्षण गर्न समस्या भइरहेको छ ।

पर्सामा ११,५७५ हेक्टर वनक्षेत्र छ। पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन् । साझेदारी वन ११,४०९.१४ हेक्टरमा फैलिएको छ भने धार्मिक वन ३४.६३ हेक्टर क्षेत्रफलमा रहेको छ। निजी वन ११० हेक्टर, राष्ट्रिय वन ७.५१ हेक्टर क्षेत्रफलमा फैलिएको छ। वनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रूख छन् ।

# झुलनोत्सव पर्व सम्पन्न

जलेश्वर, ३ भदौ/रासस

जिल्लाको मटिहानीस्थित प्रसिद्ध लक्ष्मीनारायण मठमा परम्परागतरूपमा मनाइने झुलनोत्सव पर्व आज बिहान सम्पन्न भएको छ । यस वर्ष भदौको तृतीयादेखि पूर्णिमासम्म मनाइएको सो पर्व गएराति भगवान् रामचन्द्र र माता जानकीलाई लक्ष्मीनारायण मठमा अन्तिम पटक झुला झुलाउँदै आज बिहान सम्पन्न भएको हो ।

तृतीयादेखि पूर्णिमासम्म चलेको झुलनोत्सवका अवसरमा लक्ष्मीनारायण मठ मटिहानीबाट प्रत्येक दिन कलात्मक पालकीमा बाजागाजाका साथ भगवान् रामसीताको मूर्ति राखी भजनकीर्तन गर्दै झुलाघरमा झुलाइएको थियो ।

महोत्तरीको लक्ष्मीनारायण मठ, जनकपुरधाम, सर्लाही, सिराहा, सप्तरी र भारतको तिरहुत क्षेत्र बिहारका विभिन्न मठमन्दिरमा झुला पर्व धुमधामका साथ सम्पन्न भएको छ । साधु, सन्त, महात्मा र मिथिलावासीहरू मिलेर झुला घरमा रामसीताको मूर्ति राखी धार्मिक गीत र भजनकीर्तनका साथ गएराति अन्तिम झुला रहेकोले रातभरि झुला झुलाइएको लक्ष्मीनारायण मठका मानमहन्थ जगन्नाथदास वैष्णवले बताए। उनका अनुसार भगवान् रामसीता साउनमा यसैगरी झुला झुलेको सम्झना गर्दै प्रत्येक वर्ष तृतीयादेखि पूर्णिमासम्म झुलनोत्सव पर्व सम्पन्न गरिन्छ ।




सो अवसरमा मटिहानीमा मेलाको समेत आयोजना गरिएको थियो। मेला हेर्न र भगवान् रामसीताको झुलनोत्सवमा सहभागी हुन नेपालका विभिन्न जिल्लाका साथै भारतबाट पनि श्रद्धालु भक्तजन आएका वैष्णवले जानकारी दिए ।

सांस्कृतिक परम्पराका रूपमा मनाइने यो पर्वमा झुलाका लागि सिंहासनको निर्माण गरी सजाइएको गद्दीमा रामलीला लक्ष्मीनारायणलगायत मूर्ति बाजागाजाका साथ झुलाउने परम्परा छ ।

मिथिला क्षेत्रमा प्रत्येक वर्ष रोपाइँ सकिनेबित्तिकै झुला पर्वको रौनक शुरू हुन्छ भने प्रत्येक मठमन्दिरमा राति अबेरसम्म कजरी र मल्हारजस्ता गीतको स्वरलहरी सुनिन्छ । झुलाका समयमा गाउँघरका र वरपरका श्रद्धालुहरू जम्मा हुने भजनकीर्तन गर्ने, नाचगान र रामलीला गरेर मध्यरातसम्म जाग्राम बस्ने प्रचलन छ ।

झुला पर्व त्रेतायुगदेखि नै प्रारम्भ भएको मानिन्छ । जोगी सन्यासीहरूले आफ्ना आराध्य खेलाई झुलाउने परम्परा छ। भारतको वृन्दावनमा पनि झुला पर्व कृष्णलीलाका रूपमा मनाइन्छ ।

# सामाजिक सञ्जाल, बन्दैछ मानव बेचबिखनको जालो

मधु शाही, काठमाडौं, ३ भदौ/रासस

एसइई परीक्षाको नतीजा आउन बाँकी थियो । कैलालीका चार किशोरीहरूले घर खर्च जुटाउन जागीर गर्ने निधो गरे। उनीहरूको चाहना अनुरूप गाउँमा रोजगार पाउने अवस्था त्यति सहज थिएन।

रोजगार खोज्ने मनसाय बनाइरहँदा उनीहरू इ–मोमार्फत भारतीय नागरिक बताउने एक अज्ञात पुरुषसँग कुराकानी गर्न थाले । ती व्यक्तिको सोधनीमा उनीहरूले आफ्नो घरको गरीबी र रोजगारको अवस्थाबारे जानकारी गराए। आर्थिक अभावको कमजोरीको फाइदा उठाउँदै ती पुरुषले किशोरीहरूलाई इमो एपमा कुरा गरेर भारत बोलाए। त्यहाँ २० हजार भारतीय रुपियाँको जागीर दिने प्रलोभन देखाए। केही दिनको कुराकानीमैं विश्वास गरेर चार किशोरी अज्ञात व्यक्तिको भनाइको भरमा भारत जान कैलालीको धनगढीस्थित नेपाल–भारत सीमामा पुगे। कहिल्यै एक्लै जिल्ला पार नगरेका ती किशोरीहरूलाई इमो माध्यमबाटै बसपार्कको टिकट कसरी काट्ने र कसरी सीमापार गर्ने तरीकासमेत इमोमार्फत ती पुरुषले सिकाएका थिए।

घरका कुनै पनि सदस्यलाई जानकारी नगराई भारत जान हिंडेका किशोरीहरूलाई माइती नेपाल कैलालीले सीमामा रोक लगायो । "ती किशोरीहरूसँग न झोला थियो न कुनै सामग्री । घरमा कसैलाई भन्दै नभनी भारत जागीर गर्न जान लागेका रहेछन्, मानव बेचबिखनको शङ्कास्पद अवस्था लागेर तत्काल रोक्यौं"–माइती नेपाल कैलालीका संयोजक शिवचरण चौधरीले घटना सुनाउदै भने–"पछिल्लो समय सामाजिक सञ्जालले दलालको मनोबल बढाएको छ, मानव बेचबिखनको उच्चतम खतरा बढ्दो छ।"

चौधरीका अनुसार फेसबूक, भाइवर, ह्वाट्स एपजस्ता सामाजिक सञ्जालमार्फत दलालले मानव बेचबिखनको जोखना थापिरहेको अनुभव सुनाए। यहाँसम्म कि अपराधमा संलग्न व्यक्ति वा समूहसम्म सम्पर्कमा पुग्न चुनौती थपिएको पनि उनले बताए । विदेशमा बसेर नेपाललाई लक्षित गरी काम गर्ने गिरोह छन्।

माइती नेपाल कैलालीकै अर्को घटनाले पनि यो समस्यालाई अझ प्रस्ट्याउँछ । फेसबूकमार्फत एकजना भारतीय नागरिकको धनगढीकी युवतीसँग सम्पर्क हुन्छ । शुरूमा फेसबूकबाटै प्रेम भाव प्रकट हुन्छ। पछि ती पुरुष नेपालमैं आएर युवतीसँग समय बिताउँछन्। विवाह गरेर भारत लैजाने प्रलोभनमा पार्दै ती पुरुषले युवतीको शारीरिक शोषण गर्छन् । पछि मात्रै युवतीले पुरुषको पहिलो बिहे भइसकेको सुइँको पाउँछिन् र बिहे नगर्ने जिकिर गर्छिन्।




युवतीले बिहे गर्न अस्वीकार गरेको दिनदेखि ती पुरुषले जबर्जस्ती दबाब र मानसिक यातना दिन थाल्छन्। युवतीलाई थाहै नदिई खिचेका गोप्य भिडियो र नग्न तस्वीर सामाजिक सञ्जालमा सार्वजनिक गर्ने धम्की दिन थाल्छन् । भारतमा बसेर फेसबूकमार्फत पुरुषले पटकपटक युवतीलाई मानसिक यातना दिन थाल्छन् । आफूमाथि हिंसा भएको महसूस गरेकी ती युवतीले प्रहरीमा उजूरी गर्ने प्रयास गरिन् । व्यक्तिको पहिचान नखुलेको र तथ्य प्रमाणित नहुँदा उनले उजूरी हाल्ने आधारसमेत हुँदैन। पर्याप्त प्रमाण नहुँदा उनी अहिले चुपचाप पीडा सहेर बस्न बाध्य छिन्।

राष्ट्रिय मानव अधिकार आयोगले गरेको 'मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९' मा १५ देखि १६ वर्षका किशोरीहरू पूजाका लागि, विवाह गरेर जानेलगायत प्रलोभनमा परी फेसबूक, इमोबाट चिनजानका आधारमा भारततर्फ लाने गरेको अवस्था उल्लेख छ । आयोगले २०७७ फागुन १३ देखि २१ गतेसम्म मोरङ, इलाम, सुनसरी र झापा जिल्लामा गरेको अनुगमनबाट प्राप्त घटनाको प्रकृतिले पनि सूचना प्रविधिको प्रयोग गर्न नजान्दा बेचबिखनको जोखिम बढेको प्रस्ट पार्छ।

आयोगको अनुगमनमा उल्लेख छ– "एकजना दाङ जिल्लाकी किशोरीले मोबाइलमा फेसबूक चलाउँदा भारतका नागरिकले फेसबूकमा फोटो देखाएर मोडल बनाइदिने प्रस्ताव राखेपछि ती किशोरी दाङबाट रात्रि बस चढेर सुनसरी जिल्लाको भन्टावारी सीमानाका हुँदै जान लाग्दा निगरानी केन्द्रबाट सम्झाइबुझाई घर फिर्ता पठाएको थियो।"

त्यस्तै अर्को घटना, सप्तरी जिल्लाकी किशोरी विराटनगरमा बसेर पढ्दै थिइन्। उनलाई भारतीय नागरिकले फेसबूकमार्फत मोबाइल किनिदिने बहानामा सुनसरीको भन्टावारी हुँदै भीमनगर आउन भनेपछि ती किशोरी भन्टावारीको सीमा नाका हुँदै जान लाग्दा उनलाई सम्झाइबुझाई घर पठाइएको घटना पनि अनुगमन प्रतिवेदनमा उल्लेख छ।

**मानव बेचबिखनका मुद्दा बढ्दो**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि समयसापेक्षरूपमा विभिन्न ऐन नियमहरू तर्जुमा गरिएका छन्। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ जारी भएको छ । मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ तथा यसको कार्यान्वयन योजना, २०७१ बनाई लागू गरिएको छ।

सरकारको निरन्तर प्रयास जति देखिन्छ उति मानव बेचबखिनको सङ्ख्या भने बढ्दै गएको तथ्याङ्कले देखाउँछ । मानव बेचबिखन अनुसन्धान ब्युरोको चार वर्षको तथ्याङ्क हेर्दा मानव बेचबिखनको अवस्था उच्च देखिन्छ। आव २०७७/७८ मा १३४ मुद्दा दर्ता भएकोमा २०८०/८१ मा सङ्ख्या बढेर १६६ पुगेको छ । महान्यायधिवक्ताको कार्यालयको २०७९/८० को वार्षिक प्रतिवेदन हेर्ने हो भने मानब बेचबिखनविरुद्ध १९४ मुद्दा परेकोमा २१ मुद्दा मात्रै फछ्र्यौट भएको छ।

राष्ट्रिय बाल अधिकार परिषद्को आव २०७७/७८ मा जम्मा ३६५८ बालबालिका हराएका र तीमध्ये ७६.७ प्रतिशत बालिका र २३.२ प्रतिशत बालक रहेका छन्। हराएकामध्ये जम्मा ८१.७ प्रतिशत बालिका मात्र फेला परेको देखिन्छ । बालक ८३.८ प्रतिशत फेला परेका छन्। हराएका बालबालिकामध्ये बालिका फेला पर्ने सम्भावना बालकको तुलनामा अत्यन्त न्यून देखिन्छ।

राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचबिखनको प्रभावकारी नियन्त्रण तथा रोकथामका लागि सम्बन्धित निकायले निर्वाह गर्नुपर्ने भूमिकाबारे सरकारसँग पटकपटक सिफारिश गर्दै आएका बुँदा कार्यान्वयन हुन सकेका छैनन्। आयोगले २०७९ मा सरकारसँग मानब बेचबिखनविरुद्धका प्रयासका केन्द्रित सिफारिश २२ बुँदामध्ये एउटा मात्रै पूर्ण रूपमा कार्यान्वयन भएको तथ्याङ्कमा उल्लेख छ।

अनुसन्धान ब्युरोका प्रहरी उपरीक्षक गौतम मिश्रले पछिल्लो समय मानव बेचबिखनविरुद्धका मुद्दा दर्ता बढ्दै जानु भनेको जनचेतना अभिवृद्धि भएको तर्क राख्छन्। उनका अनुसार चेतनाकै कारण पीडितले प्रहरीसमक्ष आएर उजूरी दिनसक्ने भएका छन् । यद्यपि मानव बेचबिखनको अवस्था रोकथाम भने हुन सकेको छैन। "मुद्दा दर्ता सङ्ख्या बढ्नु एक अर्थमा सकारात्मक मान्नुपर्छ"–उनले भने–"यो भनेको पीडित सचेत हुँदै गएको सङ्केत हो । तर, हाम्रो प्रयास मानव बेचबिखन न्यूनीकरणमा नै ध्यान दिनु हो।"

सूचना प्रविधिको विकाससँगै छद्मभेषी दलाल संयन्त्र फैलिएको छ । प्रविधिले विश्वव्यापीरूपमा सञ्जाल फैलाउन सूचना प्रविधिले सहज बनाएको उनी बताउँछन् । ह्वाट्स एप, भाइबर, इमोजस्ता असङ्ख्य सञ्जाल प्रयोग गरेर विदेशबाट दलालले मानव बेचबिखनको मोहरा बनाएका थुप्रै मुद्दा रहेको उनले सुनाए। "यस्तोमा पहिलेजस्तो अपराधी पत्ता लगाउन सजिलो छैन"–उनी भन्छन्–"त्यसैले सामाजिक सञ्जालमा नचिनेको अपरिचत व्यक्तिमाथि विश्वास गरिहाल्नुहुँदैन भनी जनमानसमा जागरण ल्याउनुपर्छ।"

मिश्रका अनुसार स्कूलका बालबालिका लक्षित 'अनलाइन' शिक्षा दिन जरुरी छ। नेपाल प्रहरीको एक्लो प्रयासले भन्दा पनि स्थानीय सरकार र सङ्घसंस्थाको पहलले सचेना वृद्धि गर्न सजिलो हुने उनले बताए।

शक्ति समूहकी संस्थापक अध्यक्ष चरिमाया तामाङ सूचना प्रविधिको माध्यमको प्रयोग सही ढङ्गले गर्न नजान्दा धेरै किशोरी दलालको चङ्गुलमा पर्ने खतरा बढ्दै गएको बताउँछिन्। यसका लागि सरकारीस्तरबाटै जतिसक्दो सूचना प्रविधिको प्रयोगमा जनचेतना दिने अभियान थाल्नुपर्ने उनको धारणा छ। "हामीले सामाजिक सञ्चाल र मोबाइल नचलाउन त भन्न सक्दैनौं तर, मानव बेचबिखनको डर हुन पनि सक्छ भनेर सचेत चाहिं गराउन सक्छौं"–उनले भनिन्।



भकारी : वीरगंज महानगरपालिका–२० हरपतगंजमा रहेको बाँस र माटाले निर्माण गरिएको भकारी। महानगरको ग्रामीण भेगमा मात्रै यस्ता परम्परागत भकारी छन्। यी भकारीमा अन्नबाली राख्ने गरिन्छ। तस्बिरः हिमाल लम्साल/रासस

## फरक समाचार

### बालबालिकाको मोबाइलको लत कसरी छुटाउने

आजको डिजिटल युगमा बालबालिकाहरू मोबाइल, ल्यापटप, टिभीजस्ता ग्याजेटहरूको लतमा फसेका छन्। बच्चाहरू धेरैजसो समय मोबाइलको स्क्रिन अगाडि समय बिताउन थालेका छन्। जब बच्चाहरू यी ग्याजेटका लागि जिद्दी गर्छन्, उनीहरूलाई नियन्त्रण गर्न अभिभावकहरूको लागि चुनौतीपूर्ण काम हुन्छ।



**वैकल्पिक अफलाइन गतिविधिहरू:** जब बच्चाहरूले मोबाइल वा टिभी चलाउन जिद्दी गर्छन् तब अभिभावकहरूले उनीहरूलाई अफलाइन गतिविधिमा व्यस्त राख्नुपर्छ । खेलकूद, चित्रकला, बगैंचा वा किताबहरू पढ्नेजस्ता गतिविधि गराउँदा मोबाइल फोनबाट बालबालिकाको ध्यान हटाउन मदत पुग्छ। यस्ता क्रियाकलापले बालबालिकाको सृजनशीलता मात्रै बढाउँदैन, शारीरिक विकासमा समेत सुधार ल्याउँछ।

**समय सीमा र डिजिटल डिटक्स:** अभिभावकहरूले बच्चाहरूले कति समय मोबाइल चलाउन पाउने त्यो निर्धारण गर्नुपर्छ। बालबालिकालाई दिनमा कति समय मोबाइल, ल्यापटप वा टिभी हेर्न दिने भन्ने नियम बनाउन सकिन्छ। साथै डिजिटल डिटक्सको लागि एक दिन छुट्याउनुपर्छ र सम्पूर्ण परिवार कुनै ग्याजेटविना समय बिताउनुपर्छ। यस्तो बेला पारिवारिक घुमफिर, खेल, वा अन्य इन्डोर गतिविधिहरूलाई प्राथमिकता दिनुपर्छ।

**शैक्षिक सामग्री:** बालबालिकाले मोबाइल, ल्यापटप वा टिभी हेर्न आग्रह गरेमा अभिभावकले उनीहरूलाई शैक्षिक सामग्री हेर्न उत्प्रेरित गर्नुपर्छ। बच्चाहरूको लागि धेरै शैक्षिक अनुप्रयोग र कार्यक्रमहरू छन् जसले उनीहरूको ज्ञान बढाउन र नयाँ सीपहरू सिकाउन मदत गर्छ। यसबाहेक अभिभावकहरूले पनि आफ्ना बालबालिकासँग बसेर यस्ता शैक्षिक कार्यक्रमहरू हेर्न सक्छन्, जसले बालबालिकाको सिकाइ अनुभवमा थप सुधार ल्याउन सक्छ।

**रोल मोडलिङः** छोराछोरीले आमाबाबुको व्यवहारबाट धेरै कुरा सिक्छन्। आमाबाबु आफैंले मोबाइल वा टिभीको अत्यधिक प्रयोग नगर्ने हो भने छोराछोरीले पनि त्यस्तै गर्छन्। आमाबाबुले आफ्ना बच्चाहरूको अगाडि ग्याजेटहरूको सीमित र स्वस्थ प्रयोग गर्नुपर्छ। यसबाट बालबालिकामा पनि ग्याजेटप्रति सकारात्मक दृष्टिकोण विकास हुन्छ। बच्चाहरूको अगाडि पुस्तक पढ्नुहोस् जसले बच्चाहरू पनि त्यसै गर्न उत्प्रेरित हुनेछन्।

**खुला सञ्चार:** बच्चाहरूसँग खुलेर कुरा गर्नुपर्छ। लामो समयसम्म स्क्रिनको अगाडि रहँदा उनीहरूको आँखा, मानसिक र शारीरिक स्वास्थ्यलाई कसरी असर गर्छ भनी उनीहरूलाई बताउनुपर्छ। उनीहरूलाई ग्याजेटका बेफाइदाहरूबारे जानकारी दिएर जिद्दी त्याग्न उत्प्रेरित गर्नुपर्छ।

**दिनचर्या र अनुशासन:** बच्चाहरूको लागि एउटा दिनचर्या सेट गर्न जरुरी हुन्छ जसमा अध्ययन, खेल र स्क्रिन समय समावेश हुन्छ। बालबालिकाहरूलाई समयको महत्त्व सिकाउँदा उनीहरूको जीवन अनुशासित हुन्छ।

### मङ्कीपक्सको आतङ्क

मङ्कीपक्सले संसारभरका मानिसलाई आतङ्कित बनाएको छ। युरोप र एशियामा यो रोग फैलिरहेको छ भने अफ्रिकामा यो खतरनाक अवस्थामा पुगेको छ। यही कारणले गर्दा विश्व स्वास्थ्य सङ्गठनले एमपक्सलाई विश्वव्यापी स्वास्थ्य आपत्काल



घोषणा गरेको छ। अफ्रिकी महाद्वीपको रिपब्लिक अफ द कङ्गो (डिआरसी) मा यो रोगले गम्भीर रूप धारण गरेको छ।

कङ्गोको स्वास्थ्य मन्त्रालयको महामारीसम्बन्धी रिपोर्ट अनुसार स्वास्थ्यमन्त्री रोजर काम्बाले भने सन् २०२४ को शुरूदेखि यस देशमा १५ हजार ६६४ सम्भावित घटनाहरू रेकर्ड भएका छन् जसमध्ये ५४८ जनाको ज्यान गएको छ। सबैभन्दा प्रभावित राज्यहरूमा इक्वेटर, साउथ किवु, साउथ उबांगी, संकुरू, त्सुपा, मोंगला र त्सोपो पर्छन् । इक्वेटर प्रान्तमा ३२१ जनाको मृत्यु भएको बताइन्छ।

**कङ्गोको अवस्था किन चिन्ताजनक :** कङ्गोको अस्थायी शिविरमा स्थिति निकै चिन्ताजनक छ। संयुक्त राष्ट्रसङ्घको कार्यालय अनुसार करीब ७३ लाख आन्तरिकरूपले विस्थापितहरूले यी शिविरहरूमा आश्रय लिएका छन्। शिविरमा धेरै भीड हुने भएकोले सङ्क्रमण फैलिने जोखिम पनि बढेको छ। यस रोगका प्रारम्भिक लक्षणहरूमा ज्वरो आउने, ढाड दुख्ने, टाउको दुख्ने, सुन्निने र मांसपेशी दुख्ने हुन्छ। जब ज्वरो कम हुन्छ, अनुहारमा दागहरू देखा पर्दछ र त्यसपछि बिस्तारै शरीरभर फैलिन्छ। डाबरको कारण तीव्र दुखाइ र निकै चिलाउने गर्छ।

कंगो सन् २०२२ को अन्त्यदेखि नै यस रोगगसँग लडिरहेको छ। यो वर्ष अफ्रिकाका १२ वटा देशमा यसको प्रकोप देखिएको छ । अफ्रिका बाहिर, युरोपको स्वीडेन र एशियाको पाकिस्तानमा पनि एमपक्सका केसहरू रिपोर्ट गरिएको छ। यसको मतलब यो रोग भारतको धेरै नजीक पुगेको छ, त्यसैले हामी पनि सतर्क रहनु आवश्यक छ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख सचिव पिके मिश्राले आइतवार एमपक्ससँग लड्ने तयारी गरिरहेको बताएका छन्। रोगबारे निगरानी बढाउन र आवश्यक पाइला चाल्न निर्देशन दिने निर्णय भएको छ। प्रधानमन्त्री मोदी आफैंले पछिल्लो अवस्थाको निरन्तर निगरानी गरिरहेका छन्। यद्यपि, भारतमा यो रोग देखिएको छैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रूसद्वारा जर्मनीलाई पाइपलाइन विस्फोटको अनुसन्धान गर्न आग्रह

मस्को, ३ भदौ/सिन्हवा

रूसले नोर्ड स्ट्रीम पाइपलाइन



सन् २०२२ मा नोर्ड स्ट्रीम २ बाट विस्फोट भएपछि निस्केको ग्याँसको बुलबुला बाल्टिक सागरको सतहमा देखिएको थियो । फोटो : एजेन्सी

विस्फोटको अनुसन्धान गर्न जर्मनीसँग अनुरोध गरेको रूसी विदेश मन्त्रालयका अधिकारीले सोमवार बताएका छन् ।

आतङ्कवादविरुद्ध लडाइँमा अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न जर्मनीले वार्ताका लागि दबाब दिइरहेको रूसी विदेश मन्त्रालयका तेस्रो युरोपेली विभागका निर्देशक ओलेग टायपकिनले बताएका छन् ।

जर्मन अनुसन्धानको प्रगतिमा असन्तुष्टि व्यक्त गर्दै टायपकिनले जर्मन अधिकारीहरूले एक युक्रेनी नागरिकको गिरफ्तारीका लागि पक्राउ पूर्जी आदेश जारी गरेको बताएका छन् ।

उनले जर्मन मिडियाले आक्रमणमा व्यक्तिगतरूपमा काम गरेको देखिएको र तोडफोडको योजनाकार पहिचान नगरी अनुसन्धान बन्द हुन सक्ने चेतावनी दिएका छन् ।

रूसले यो अवस्था स्वीकार नगर्ने दाबी गर्दै तापकिनले भने–"मस्कोले जर्मनी र अन्य प्रभावित देशहरूसँग औपचारिक रूपमा उजूरी दर्ता गरी उनीहरूलाई राष्ट्रसङ्घको आतङ्कवाद विरोधी महासन्धि अन्तर्गत आफ्नो दायित्व पूरा गर्न आग्रह गरेको छ ।"

विद्यमान अन्तर्राष्ट्रिय कानून अनुसार वार्ता खोजिरहेको बताउँदै भविष्यका कार्यहरू पश्चिमको प्रतिक्रियामा निर्भर हुने तापकिनले बताए ।

जर्मनीका सञ्चारमाध्यमले प्राप्त जानकारी अनुसार जर्मन अभियोजनले पाइपलाइन विस्फोटको सम्बन्धमा युक्रेनी नागरिकको गिरफ्तारी वारेन्ट जारी गरेको हो । रिपोर्टले संदिग्धलाई किएभका गोताखोर भ्लादिमिर झुराभ्लेभका रूपमा पहिचान गरेको छ । उनलाई युक्रेनी एउटा दम्पतीले सहयोग गरेका थिए ।

सन् २०२२ सेप्टेम्बरमा, नोर्ड स्ट्रीम–१ र नोर्ड स्ट्रीम–२ प्राकृतिक ग्याँस पाइपलाइनहरू विस्फोट हुँदा स्वीडेन र डेनमार्कमा समेत गम्भीर क्षति भएको थियो ।

रूस–युक्रेन द्वन्द्वलाई लिएर रूसमाथि पश्चिमा मुलुकहरूले लगाएको प्रतिबन्धका कारण नोर्ड स्ट्रिम–२ सञ्चालनमा आउन सकेको छैन । प्रतिबन्धका कारण जर्मनीले रूसी प्राकृतिक ग्याँसको आयात रोकेको छ र यसका कारण जर्मनीमा घरेलु ऊर्जाको मूल्यमा तीव्र वृद्धि भएको थियो ।

उक्त घटनालाई अन्तर्राष्ट्रिय आतङ्कवादी घटनाका रूपमा अनुसन्धान शुरू गरेको छ । रूसी प्रशासनिक केन्द्र क्रेमलिनका अनुसार रूसी महान्यायाधिवक्ताको कार्यालयले रूसले विस्फोटबारे पटकपटक जानकारी माग गरेको तर कुनै जवाफ पाउन नसकेको बताएको छ । रासस

## गाजा युद्धविराम प्रस्ताव नेतान्याहुको पक्षमा रहेको हमासको दाबी

गाजा, ३ भदौ/सिन्हवा

हमासले दोहामा गत हप्ता प्रस्तुत नयाँ गाजा युद्धविराम प्रस्तावको आलोचना गर्दै प्रस्ताव इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको शर्त र स्थायी युद्धविराममा सहमत हुन अस्वीकार गरेको भनी आलोचना गरेको छ ।

हमासले युद्ध विराम प्रस्ताव नेतान्याहुको मागसँग मेल खाने जिकिर गर्दै स्थायी युद्धविरामबारे अस्वीकारोक्ति प्रकट गरेको छ भने रफाह क्रसिङ्ग र फिलाडेल्फी करिडरमा नियन्त्रण कायम राखी कैदी आदानप्रदान सम्झौतामा बाधा पुर्‍याएको छ ।

हमासले नेतान्याहुलाई मध्यस्थकर्ताको पहलमा भइरहेको वार्ताको असफलताप्रति पूर्ण जिम्मेवार रहेको दाबी गरेको छ भने गाजाविरुद्ध आक्रमण जारी राखेर इजरायली बन्धकहरूलाई खतरामा पारेको आरोप लगाएको छ ।

जुलाई–२ मा भएको सम्झौता प्रतिबद्धता दोहोर्‍याउँदै हमासले अमेरिकी राष्ट्रपति जो बाईडेन र राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावको आधारमा इजिप्ट र कतारका मध्यस्थकर्तालाई सहमतिका शर्तहरू लागू गर्न आग्रह गरेको छ ।

बिहीवारदेखि शुक्रवारसम्म दोहामा सम्पन्न गाजा युद्धविरामपछि मध्यस्थकर्ताले संयुक्त विज्ञप्ति जारी गर्दै वार्तामा 'रचनात्मक' प्रगति भएको र सम्बन्धित पक्षहरूले आगामी दिनमा सम्झौताको कार्यान्वयनको विवरणका लागि वार्ता प्रयास जारी राख्ने घोषणा गरेका छन् ।

नेतान्याहुको कार्यालयले मध्यस्थकर्ताको प्रयासप्रति कृतज्ञता व्यक्त गर्दै उनीहरूले हमासलाई मेको अन्त्यमा गरिएका प्रस्तावका शर्तहरू स्वीकार गर्न मनाउने आशा व्यक्त गरेको छ ।

हमासले इजरायललाई पहिले सहमति भएका प्रस्तावमा नयाँ शर्तहरू थप्ने गरेको आरोप लगाउँदै वार्ताको नतीजाबारे शङ्का व्यक्त गरेको छ । रासस

## गाजा वार्ता युद्धविरामका लागि वार्ता 'सम्भवत: अन्तिम' मौका

तेल अविव, ३ भदौ/एएफपी

गाजामा युद्धविरामका लागि दबाब दिन इजरायल पुगेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले युद्ध अन्त्यका लागि जारी वार्ता सहमतिमा पुग्ने 'सम्भवत: अन्तिम' अवसर भएको बताएका छन् ।

ब्लिन्केनले इजरायली राष्ट्रपति आइज्याक हर्जोगसँग भएको भेटमा भने–"यो निर्णायक क्षण हो, सम्भवत: बन्धकहरूलाई घर फर्काउने, युद्धविराम गर्ने र सबैलाई स्थायी शान्ति र सुरक्षाको लागि सही मार्गमा ल्याउने सबैभन्दा राम्रो र सम्भवत: अन्तिम अवसर हो ।"

शीर्ष अमेरिकी कूटनीतिज्ञले राष्ट्रपति जो बाइडेनले आफूलाई 'वार्तालाई सही दिशामा लान र अन्तत: युद्धविराम सम्झौता हुँदै स्थायी शान्तिमा बदल्ने जिम्मेवारी दिएर' पठाएको बताएका छन् ।

उनले भने–"यो काम पूरा गर्ने समय हो । कसैले पनि यो प्रक्रिया बिथोल्न सक्ने कुनै पनि कदम नचालोस् भन्ने पनि सुनिश्चित गर्ने समय आएको छ ।"

उनले थप भने–"त्यहाँ कुनै आक्रमणमा वृद्धि नहोस्, उत्तेजना नफैलियोस्, सम्झौता प्राप्त गर्नबाट टाढा सार्न सक्ने कुनै पनि कार्य नहोस् भन्ने सुनिश्चित गर्न आवश्यक छ ।"

अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि मध्यपूर्वको नवौं भ्रमणमा रहेका ब्लिन्केनले सोमवार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेटवार्ता गर्ने कार्यक्रम छ ।

इरान र लेबनानी सशस्त्र समूह हेजबुल्लाहले हालै दुई लडाकू नेताको हत्याको बदला लिने चेतावनी दिएपछि इजरायलमा यो 'डरलाग्दो क्षण' भएको र क्षेत्रीय तनाव बढाउने कुनै पनि कदम नचाल्न अमेरिकी विदेशमन्त्री ब्लिङकेनले चेतावनी दिएका छन् ।

गाजामा अक्टोबर ७ मा भएको आक्रमणपछि गाजामा बन्धक बनाइएकाहरूलाई जतिसक्दो चाँडो फिर्ता गर्नु इजरायली सरकार र नागरिकको चाहना रहेको राष्ट्रपति हर्जोगले बताए ।

हर्जोगले ब्लिन्केनलाई भने–"हाम्रा बन्धकहरूलाई फिर्ता ल्याउनुभन्दा ठूलो मानवीय उद्देश्य र कारण अरू केही छैन ।" रासस






**वाटर एटिएम:** बानेश्वरस्थित सिभिल अस्पतालमा सर्वसाधारणलाई खानेपानीको सहजताका लागि राखिएको सशुल्क वाटर एटिएम । तस्बिर : किरणराज बिष्ट/रासस

## भारतमा थप २५१ मेगावाट विद्युत् निर्यात हुने

काठमाडौं ३ भदौ/रासस

नेपालले द्विपक्षीय सम्झौता अनुसार भारतको बिहार र हरियाणा राज्यलाई थप २५१ मेगावाट विद्युत् निर्यात गर्ने भएको छ ।

भारतको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले हरियाणा राज्यलाई थप १२५.८९ मेगावाट र बिहारलाई १२५ मेगावाट मध्यकालीन सम्झौता बमोजिम निर्यात गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको हो ।

दश जलविद्युत् आयोजनाबाट उत्पादित १२५ मेगावाट विद्युत् बिहारलाई र दुई जलविद्युत् आयोजनाबाट उत्पादित थप १२५.८९ मेगावाट विद्युत् हरियाणा राज्यका वितरण कम्पनीलाई बिक्री गरिने छ । प्राधिकरणले हरियाणा राज्यलाई हाल १०९ मेगावाट विद्युत् बिक्री गरिरहेको छ ।

नेपालमा खपत गरी अतिरिक्त भएको बर्खायामको विद्युत् हरेक वर्ष जूनदेखि अक्टोबरसम्म बिहार र हरियाणालाई बिक्री गरिने छ । योसँगै मध्यकालीन सम्झौताबमोजिम भारतका राज्यस्तरका वितरण कम्पनीलाई बिक्री गरिने विद्युत्को परिमाण ३६० मेगावाट पुगेको छ ।

आगामी अक्टोबरसम्म बिक्री गरिने विद्युत्को बिक्री दर प्रतियुनिट आठ रुपियाँ ७२ पैसा (५.४५ भारु) रहेको छ । गत वर्ष हरियाणलाई बिक्रीका लागि स्वीकृति दिइएको १०९ मेगावाटको प्रतियुनिट दर आठ रुपियाँ ४० पैसा (५.२५ भारु) छ । यसमा भारतर्फको प्रसारण लाइन शुल्क, चुहावट, ट्रेडिङ मार्जिनलगायत सम्पूर्ण कर तथा शुल्क भने प्राधिकरणले बेहोर्नुपर्ने छैन ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको बर्खायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । भारतको इनर्जी एक्सचेन्ज (आइएक्स)को रियल टाइम मार्केट, डे–अहेड बजारमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम हरियाणा राज्यलाई बिक्री गरिरहेको छ । भारतबाट स्वीकृति पाएसँगै अब बिहारलाई पनि विद्युत् बिक्री शुरू हुनेछ । प्रतिस्पर्धी बजार र मध्यकालीन सम्झौताबमोजिम भारतीय बजारमा २८ वटा आयोजनाहरूबाट उत्पादित ९४१ मेगावाट विद्युत बिक्री हुनेछ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भारतीय पक्षबाट स्वीकृति पाएसँग अब छिट्टै बिहार र हरियाणामा थप विद्युत् निर्यात शुरू गरिने जानकारी दिए । "स्वीकृत परिमाणको १० प्रतिशत थप विद्युत् निर्यात गर्न सक्ने हुँदा अब एक हजार मेगावाटभन्दा बढी निर्यात गर्न सक्ने अवस्था बनेको छ, थप २०० मेगावाट निर्यात स्वीकृतिको प्रक्रियामा रहेको छ, छिट्टै स्वीकृति पाउनेमा विश्वस्त छौं"– कार्यकारी निर्देशक घिसिङले भने । विद्युत् निर्यातको परिणाम बढ्दै जानेछ, चालू आवमा रु २५ अर्ब बराबरको विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको प्राधिकरणले जनाएको छ ।

विवरण अनुसार ११.६४ मेगावाटको दोर्दी–एक, कुल १४.४५ मेगावाटको मायाखोला, ९.९९ मेगावाटको तल्लो पिलुवा, १०.६७ मेगावाटका तल्लो खार, ११.६४ मेगावाटको माथिल्लो खिम्ती, ६.८ मेगावाटको माथिल्लो खिम्ती–दोस्रो, १४.४ मेगावाटको मोदी, १४.६ मेगावाटको गण्डक, १९.२१ मेगावाटको माथिल्लो सोलु र ११.६४ मेगावाटको दूधकुण्ड जलविद्युत् आयोजनाबाट उत्पादित १२५ मेगावाट विद्युत् बिहार निर्यात हुनेछ । बिहारसँग प्रसारण लाइन जोडिएका कटैया, रक्सौल र रामनगर विन्दुमार्फत विद्युत् निर्यात गरिनेछ ।

यस्तै ७५ मेगावाटको लिखु–एक र ५०.८९ मेगावाटको लिखु–२ बाट उत्पादित १२५.८९ थप विद्युत हरियाणा राज्यमा बिक्री गरिनेछ । प्राधिकरणले सुक्खायाममा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जल विद्युत्गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा गत आर्थिक वर्षमा भारतबाट एक अर्ब ८९ करोड युनिट अर्थात रु १६ अर्ब ९३ करोडको विद्युत् आयात गरेको थियो । तर यही अवधिमा एक अर्ब ९५ करोड युनिट विद्युत् भारतर्फ निर्यात गरी रु १७ अर्ब ६ करोड आम्दानी गरेको थियो । गत आर्थिक वर्षमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात भएको थियो ।

गत आवबाट खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेर गौरवमय इतिहास बनाउन सफल भएको छ ।

## परराष्ट्रमन्त्री राणा र भारतीय विदेशमन्त्री जयशङ्करबीच भेटवार्ता

काठमाडौं, ३ भदौ/रासस

भारतको औपचारिक भ्रमणका क्रममा नयाँ दिल्ली पुगेकी परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र भारतीय समकक्षी विदेशमन्त्री एस. जयशङ्करबीच आज दिउँसो नयाँ दिल्लीमा भेटवार्ता भएको छ ।

तस्वीर: रासस



दुवै देशका समकक्षीबीच द्विपक्षीय हित, नेपाल–भारत सम्बन्धका विविध पक्ष, आपसी सहयोग आदानप्रदान र सहकार्यबारे छलफल भएको मन्त्री राणाको सचिवालयले जानकारी दिएको छ । मन्त्री डा राणालाई भारतीय विदेशमन्त्री एस जयशङ्करले स्वागत गरेका थिए ।

भारतीय विदेशमन्त्री एस. जयशङ्करको निमन्त्रणमा मन्त्री डा राणा भारतको औपचारिक भ्रमणका लागि आइतवार नयाँ दिल्ली पुगेकी हुन् । यो उनी परराष्ट्रमन्त्री नियुक्त भएपछिको पहिलो विदेश भ्रमण हो । मन्त्री डा राणा यही भदौ ६ गते स्वदेश फर्कने तालिका छ ।

आवास..........

लुट्ने काम सरकारले गरिरहेको छ । भ्रष्टाचारीलाई कारबाई गर्नुपर्ने र हाम्रो घर निर्माण हुनुपर्ने हाम्रो माग हो ।

उनले घर पनि निर्माण नहुने र हाम्रो नाममा देश लुट्ने काम भइरहेकोले सरकारले हाम्रो माग सम्बोधन नगरे बाध्य भएर आन्दोलनमा उत्रिन्छौं– उनले भने ।

टोलीमा आम जनता पार्टीका प्रवक्ता चन्द्रभूषण साह, मधेस प्रदेशका अध्यक्ष उमेश कुशवाहा, स्थायी कमिटीका सदस्यहरू रवीन्द्र सिंह, सुनीता साह, आजपा सर्लाहीका अध्यक्ष डा. नवलकिशोर साह, आम दलित मोर्चाका नेता रामलोचन दासको सहभागिता थियो ।





रक्षाबन्धन बाँध्दै: जनैपूर्णिमाको दिन सोमवार वीरगंज, गहवामाई मन्दिर प्राङ्गणमा पुरोहितबाट रक्षाबन्धन बाँध्न लाउँदै भक्तजन। तस्बिर : हिमाल लम्साल/रासस

## मधेस प्रदेशमा रक्षाबन्धन (राखी) धूमधामका साथ मनाइयो

प्रस, वीरगंज, ३ भदौ/

मधेस प्रदेशमा सोमवार रक्षाबन्धन (राखी) पर्व धूमधामका साथ मनाइएको छ। दिदीबहिनी र दाजुभाइबीचको प्रेमको प्रतीकको रूपमा मानिएको यो पर्वमा दिदी बहिनीले दाजुभाइलाई राखी बाँधेर आफ्नो रक्षाको लागि प्रतिबद्धता माग्ने चलन छ। दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर उनीहरूको दीर्घायु, स्वास्थ्यको कामना गरेका थिए। पर्वमा दाजुभाइहरूले गच्छे अनुसार उपहार दिने र दिदीबहिनीको रक्षा गर्ने प्रतिबद्धता जाहेर गर्दछन्। रक्षाबन्धनको अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंजमा दिदी–बहिनीहरूले विभिन्न पेशाकर्मी, चिकित्सक, प्रहरी, सेना, पत्रकार, सरकारी कर्मचारीहरूलाई राखी बाँधेका थिए भने नारायणी अस्पतालका बिरामीलाई पनि अस्पतालमा पुगेर रक्षाबन्धन लगाएका थिए।

आजै हिन्दू धर्मावलम्बीहरूले जनै



तस्वीरः सौजन्य

पूर्णिमा पनि मनाएका छन्। प्रत्येक वर्ष जनै पूर्णिमा र रक्षाबन्धन एकै दिन मनाइँदै आएको छ। जनै पूर्णिमाको दिन हिन्दूहरूले जनै मन्त्राएर लगाउने गर्छन्। यसैगरी आजको दिन क्वाँटी खाने चलन पनि छ।

## आवास कार्यक्रमको बजेट फ्रिज गराउनेलाई कारबाईको माग

प्रस, सर्लाही, ३ भदौ/

आम जनता पार्टीनिकट आम दलित मोर्चाले दलित समुदायको आवास निर्माणको रकम फ्रिज गराउनेलाई कारबाईको माग गरेको छ।

मोर्चाका अध्यक्ष ठगा दासको नेतृत्वमा गएको टोलीले विभिन्न मागसहित जिल्ला प्रशासन कार्यालय, सर्लाहीलाई ध्यानाकर्षण पत्र बुझाएको थियो।

प्रधानमन्त्री केपीशर्मा ओली र मधेस प्रदेशका मुख्यमन्त्री सतीस सिंहलाई बोधार्थ गर्दै सम्पूर्ण गरीब दलितलाई आवासको व्यवस्था गर्न माग गरिएको छ।

दलित मोर्चाका अध्यक्ष ठगा दासले भने–मधेस सरकारले जनता आवास कार्यक्रम, सुरक्षित आवास निर्माण कार्यक्रम, महेन्द्रनारायण निधि आवास निर्माण कार्यक्रम ल्यायो तर पनि दलित समुदायको घर निर्माण हुन सकेन। अहिले फेरि मधेस सरकारले मदन भण्डारी आवास निर्माण कार्यक्रम ल्याएको छ। आयोजनाको नाम परिवर्तन हुन्छ तर हाम्रो घर निर्माण हुँदैन। हाम्रो नाममा

(बाँकी पाँचौं पातामा)

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारीमा आएन | | | | |

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

स्वच्छ समाजको निर्माणमा सहभागी बनौं

- सम्भव भएसम्म विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
- प्लास्टिकजन्य सामग्रीको प्रयोग निरुत्साहित गरौं,
- वनक्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरूको संरक्षण गरौं,
- नदी र खानीजन्य स्रोतको उत्खननलाई व्यवस्थित गरौं,
- भिरालो तथा तटीय जमीन सुरक्षित गर्न बायो–इन्जिनीयरिङ प्रविधि प्रयोग गरौं,
- पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## साफ यु–२० च्याम्पियनसीपमा भारतको विजयी शुरूआत

प्रस, काठमाडौं, ३ भदौ/

साफ यु–२० च्याम्पियनसीपमा भारतले विजयी शुरूवात गरेको छ। सोमवार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सम्पन्न समूह बी अन्तर्गतको खेलमा भारतले भूटानलाई १–० गोल अन्तरको जीत हासिल गरेको हो।



तस्वीरः एजेन्सी

डिफेन्डिङ च्याम्पियनसमेत रहेको भारतको जीतमा खेलको ३७औं मिनेटमा मोनिरूल मोल्लाले गरेको गोल नै खेलको निर्णायक गोल बनेको थियो।

आइतवारदेखि शुरू भएको प्रतियोगिताको पहिलो खेलमा समूह 'ए'मा रहेको नेपालले श्रीलङ्कालाई १–० गोल अन्तरले पराजित गर्दै विजयी शुरूआत गरेको थियो।

अर्को खेल मङ्गलवार समूह 'बी' अन्तर्गत बङ्गलादेश र श्रीलङ्काबीच हुँदैछ।

नेपालसहित छ देशले भाग लिएको प्रतियोगितामा नेपाल समूह 'ए'मा बङ्गलादेश र श्रीलङ्कासँग रहेको छ भने समूह 'बी'मा भारत, भूटान र माल्दिभ्स रहेका छन्। त्यस्तै नेपालले समूह चरणको अर्को खेल बिहीवार बङ्गलादेशसँग खेल्ने तालिका छ।

## परसौनीमा कुश्ती प्रतियोगिता

प्रस, परवानीपुर, ३ भदौ/

बारा, परसौनी गाउँपालिका–१ नकटुवामा बिराट दङ्गल कुश्ती प्रतियोगिता सम्पन्न भएको छ।



वडा नं १ को वडा कार्यालयबाट आयोजना भएको सो प्रतियोगितामा नेपाल–भारतका नामुद पहलवानहरूले कुश्ती प्रदर्शन गरेका छन्। हरेक वर्ष रक्षाबन्धनको अवसरमा स्वास्थ्यचौकी नकटुवा परिसरमा आयोजना हुँदै आएको महाविरी झन्डा मेलाका दिन सो कुश्ती प्रतियोगिता आयोजना हुँदै आएको छ।

एक नम्बरका अध्यक्ष लालबाबू मुखिया बिनको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि परसौनी गापाका अध्यक्ष विनोद जयसवाल, उपाध्यक्ष किरण देवी, ३ नं का अध्यक्ष छोटेलाल साह कानू, ४ का अध्यक्ष याकुब अन्सारी, ७ का अध्यक्ष इस्लाम मियाँलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कुश्ती तराई मधेसको एउटा पारम्परिक खेल भएकोले गाउँघरमा यसको रोमाञ्च अत्यधिक हुने हुँदा कुश्ती आयोजना गरिएको बताइएको छ। कुश्तीमा पर्सा, बारा, नवलपरासी, रूपन्देही, रौतहट, धनुषा, भारत बिहारको पटना, युपी, दिल्ली, पञ्जाबलगायत राज्यका ६० भन्दा बढी पहलवानको ३० भन्दा बढी जोड कुश्ती भएको थियो।

## प्रधानमन्त्री र महिला भलिबल खेलाडीबीच भलाकुसारी

काठमाडौं, ३ भदौ/रासस

प्रधानमन्त्री केपीशर्मा ओलीले रक्षाबन्धनको आज बिहान करीब दुई घण्टा राष्ट्रिय महिला भलिबल टोलीसँग व्यतीत गरे। प्रधानमन्त्री ओली, खेल प्रशिक्षक एवं खेलाडीबीच भलिबलले हालसम्म हासिल गरेका उपलब्धि, थप पूर्वाधार विकास र आगामी अन्तर्राष्ट्रिय खेलमा नेपालले कसरी विजय सुनिश्चित गर्न सक्छ भन्ने विषयमा छलफल भएको थियो।

प्रधानमन्त्री निवास, बालुवाटारमा ब्रेकफास्टसँगै मुलुकको कार्यकारी प्रमुखसँग सम्भवतः पहिलोपटक यस प्रकारको भलाकुसारी गर्ने अवसर पाएर उत्साहित भएको खेल नेतृत्वकर्ता, प्रशिक्षक र खेलाडीहरूले बताए। प्रधानमन्त्री ओलीसँग भएको छलफलमा नेपाली महिला भलिबल टोलीका मुख्य प्रशिक्षक जगदीशप्रसाद भट्ट, कप्तान अरुणा शाही, नेपाल भलिबल सङ्घका अध्यक्ष जितेन्द्रबहादुर चन्द, खेलाडी सरस्वती चौधरीलगायत सहभागी थिए।

प्रधानमन्त्री ओलीले दुई साता अघि सम्पन्न 'काभा वुमन्स नेशनल भलिबल प्रतियोगिता' हेर्न चाहे पनि मन्त्रिपरिषद्को आकस्मिक बैठकका कारण जान नसकेको अवगत गराउँदै खेलाडीको प्रगति, चाहना र मागबारे जानकार रहेको बताए। उनले प्रतियोगिताका उपविजेता खेलाडीलाई नेपाल सरकारले जनही रु तीन लाख दिने निर्णय गरेको जानकारी गराए। खेलाडीहरूले त्यसका लागि प्रधानमन्त्री ओलीप्रति आभार व्यक्त गरेका थिए।

भलिबल खेलको विकासका लागि प्रधानमन्त्री ओलीले अन्तर्राष्ट्रियस्तरको कभर्ड हल बनाउने सङ्कल्प गरे। "सरकारको ढुकुटीमा धेरै रकम छैन, तर हामी गर्नैपर्ने काम गर्नेछौं। आगामी खेलमा जित्छौं, जुन तपाईंहरूको मनोबल छ, त्यो साकार होस्"–उनले भने–"हामीले खेल खेल्ने जित्नकै लागि हो, त्यसकारण जित्छु भन्ने आशा बोकेर लाग्नुस्। सफलता पक्कै मिल्नेछ।''

प्रधानमन्त्री ओलीले गत महीना रूसी महिला भलिबल खेलाडीह भएको भेटमा नेपाली टोलीको प्रशंसा गरेको स्मरण गर्दै विश्वस्तरका खेलाडीबाट भएको प्रशंसाभित्र नेपाली टोलीको सम्भावना लुकेको छ, भने।

## चण्डीमाईमा रुद्राभिषेक एवं महाआरती

प्रस, परवानीपुर, ३ भदौ/

बारा, परसौनी गाउँपालिका–४ खुटवाजब्दीस्थित चण्डीमाई मन्दिर परिसरमा साउन शुक्ल पक्ष पूर्णिमाको अवसरमा रुद्राभिषेक एवं महाआरतीको आयोजना गरिएको छ।

चण्डीमाई मन्दिर व्यवस्थापन समितिको आयोजनामा भएको सो कार्यक्रममा आज बिहानैदेखि पूजापाठ सम्पन्न गरी साँझ महाआरती भएको छ। चण्डीमाई मन्दिरका पूजारी बालक बाबाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि गापा अध्यक्ष विनोद जयसवाल, वडा नं ४ का अध्यक्ष याकुब अन्सारीलगायत गाउँलेहरूको सहभागिता थियो।

## बौद्ध विद्यालयका विद्यार्थीलाई ब्याग वितरण

प्रस, वीरगंज, ३ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिका –२१ अमलेखगंजस्थित अहिंसावादी सांगे छ्योइलिङ आधारभूत बौद्ध विद्यालयका विद्यार्थीलाई सोमवार ब्याग वितरण गरिएको छ।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालयबाट २०५५ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका पूर्व विद्यार्थीको समूहले बौद्ध विद्यालयका ७० जना विद्यार्थीलाई ब्याग वितरण गरेका हुन्।

पूर्वविद्यार्थी स्व प्रदीप बल र स्व अमित कार्कीको स्मृतिमा आयोजित कार्यक्रमका बीच ब्याग हस्तान्तरण गरिएको हो। पूर्वविद्यार्थी समूहका जीवन ठकुरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ज्ञानराज लामा, मीना लामा, अन्जु थापा, जीवन ठकुरी, सरस्वती राना तथा चुडामणि खरेल (कपिल) लगायतको उपस्थिति थियो।